# गण्डकी बोर्डिङ स्कुल

**(राष्ट्रिय विद्यालय)**

**लामाचौर, पोखरा ।**

## जेनेरेटर खरीद सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सुचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/२८)**

यस विद्यालयबाट चालु आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रमअनुसार देहायमा उल्लिखित उपकरण दरभाउपत्रको माध्यमवाट खरीदगर्नु पर्ने भएको हुँदा उपकरण खरीद/विक्री सम्वन्धी कार्य गर्न इजाजत प्राप्त इच्छुक फर्म/व्यावसायीहरूवाट निम्न शर्तहरूको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

१. यो सुचनाप्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नविकरण भएको इजाजतपत्र, आयकर एवम् मूअकदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यस विद्यालयबाट दरभाउ पत्र फाराम खरीद गर्न सकिने छ ।

२. खरीदभएको दरभाउ पत्र फाराममा भर्नु पर्ने सबै पानामा स्पष्टसँग भरी फर्म/व्यवसायीले प्रत्येक पानामा सही छाप गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेभित्र यस विद्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, दरभाउपत्रवालाको नाम, ठेगाना स्पष्ट रूपमा खुलाई सिलबन्दी लाहाछाप गरी यस विद्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

३. प्राप्त भएका दरभाउपत्रहरू यो सुचना प्रथम पटक प्रकाशित भएको १६ औं दिनको २:०० बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजका प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस विद्यालयमा खोलिने छ। दरभाउपत्र वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

४. दरभाउपत्र खरीदगर्ने, दाखिलागर्ने र खोल्ने दिन सार्वजनिक विदा परेको खण्डमा उक्त कार्यहरू विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ ।

५. दरभाउपत्र जमानत गण्डकी बोर्डिङ स्कुलको नाममा रहेको माछापुच्छ्रे बैंक लिमिटेड, नयाँ बजार शाखाको खाता नम्बर ००१०००००२८३५०००११ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ ।

६. समयभित्र प्राप्त नभएको, रित नपुगेको, सुचनाको शर्तविपरीत भएको दरभाउपत्र माथि कारवाही हुने छैन ।

७. प्राप्त हुन आएको दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने वानगर्ने सम्पुर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहने छ ।

८. अन्य कुराको हकमा सार्वजनिक खरीद ऐन २०६३ र आर्थिक कार्यविधि नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

९. यस सम्बन्धी अन्य कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस विद्यालयको फोन नम्बर ०६१-४४३३९८, ४४३४१४ मा सम्पर्क गर्न सकिने छ ।

**तपसील :**

| सि.नं. | ठेक्कानम्बर | जेनेरेटरको बिबरण | संख्या | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | १२५ केभीए क्षमताको थ्री फेज, ४४० भोल्ट | १ | १,५००.०० | कबुल रकमको २.५ प्रतिशतले हुने रकम |

**विद्यालय प्रशासन**